**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं**

**फैसला**

२०७८।०७९ सालको निर्णय नं. २४४

पुनरावेदन नं. ०७८-RB-००६१

मुद्दाः- सुन भन्सार चोरी पैठारी ।

जिल्ला नुवाकोट तारकेश्वर ५ गोरस्याङ्ग स्थायी ठेगाना भएका सुमित तामाङ्ग ..............१ } पुनरावेदक

**विरुद्ध**

त्रिभुबन बिमानस्थल भन्सार कार्यालयका केशवराज ओली समेतको जाहेरी प्रतिबेदनले नेपाल सरकार........................................................................................ १ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ताद्धय श्री पुष्पराज पाण्डे र श्री नन्द प्रसाद अधिकारी

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री विमला गौतम

**अविलम्वित नजीरः ×**

## शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः- त्रिभुवन विमानस्थल भन्सार कार्यालय,गौचर काठमाण्डौ
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख भन्सार प्रशासक श्री लक्ष्मीप्रसाद निरौला
शुरु कर्यालयको निर्णय मितिः–२०७८/०२/१८

नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा त्रिभुवन विमानस्थल भन्सार कार्यालय काठमाणडौको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भइ पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

### तथ्य खण्ड

१. मिति २०७८ साल बैशाख २० गते विहान करिब ९:३० बजेको समयमा हिमालयन एयरलाइन्सको उडान नम्वर H9 566 बाट दुवई हुदै काठमाडौं आएका नेपाली राहदानी नम्वर 06386911 बाहक सुमित तामाङ्गलाई त्रिभुवन बिमानस्थल भन्सार कार्यालयको आगमन क्षेत्रको रेड च्यानलमा खानतलासी गर्ने क्रममा निजले आफुले बोकी ल्याएको सुटकेश भित्र रहेको साउण्ड स्पिकरको म्यागनेट क्वायल कै आकारमा रहेको धातुहरु काटी हेर्दा उक्त धातुहरु भित्र शंकास्पद सुन जस्तो पहेलो धातु लुकाई छिपाई राखी रहेको एक थानको जम्मा तौल २०० ग्राम र निजको हातमा लगाएको बाला थान एक ५० ग्राम समेत गरी जम्मा तौल २५० (दुइसय पचास) ग्राम सुन जस्तो देखिने धातु बरामद भएको भन्ने त्रिभुवन विमानस्थल भन्सार कार्यालयको मिति २०७८।०१।२० गतेको खानतलासी तथा बरामदी मुचुल्का।

२. नेपाली राहदानी नम्बर 06386911 बाहक सुमित तामाङ्गले मिति २०७८।०१।२० गते हिमालयन एयरलाइन्सको उडान नम्बर H9 566 बाट दुवई हुदै काठमाडौं आउदा त्रिभुवन बिमानस्थल भन्सार कार्यालयमा खानतलासी गर्दा लुकाई छिपाई ल्याएको २५० (दुइसय पचास) ग्राम सुन जस्तो देखिएको धातु बरामद भएको बरामदी मुचुल्का समेत संलग्न गरी आवश्यक कारबाहीको लागि त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा पेश गरेका छौ भन्ने प्रमुख भन्सार अधिकृत केशवराज ओली समेतको प्रतिबेदन।

३. बरामदीत सुन यस कार्यालयमा रहेको सुन तौल गर्ने मेसिनमा तौल गर्दा जम्मा तौल २५० (दुइसय पचास) ग्राम रहेको र पहेलो धातु भन्सार विभागको प्रयोगशाला शाखाबाट परिक्षण गराउदा सुन जस्तो देखिने पहेलो धातु २०० ग्रामको ७९.८९ प्रतिशतले हुने १५९.७० ग्राम र ५० ग्रामको बाला समेत गरी जम्मा २०९.७० (दुईसय नौ दशमलव सत्तरी) ग्राम सुन भएको भन्ने ब्यहोराको मिति २०७८।०१।२२ को परिक्षण प्रतिबेदन प्राप्त भएको।

४. म भिजिट भिसामा दुवई गएको थिए। मलाई दिनेशं तामाङ्ग भन्ने मानिसले दुवईमा अलपत्र परेको बेलामा नेपाल पठाई दिएको हो, मेरो साथवाट बरामद भएको सुन मलाई दुवईवाट पठाई दिने दिनेश तामाङ्गले साउन्ड स्पिकरमा बटन बनाएर हालेको रहेछ, त्यो सामान मेरो होइन, मलाई लगाईदिएको बाला पनि उसैको हो, मैले भन्सार घोषणा गरेको छैन, भन्सार तिरेको कागज प्रमाण केही छैन, सुन वैध हो भन्ने कागजात केही छैन पेश गर्न सक्दिन भन्ने समेत ब्यहोराको प्रतिवादी सुमित तामाङ्गले अनुसन्धान अधिकारी समक्ष गरेको बयान कागज।

५. प्रतिबादीले अर्थ मन्त्रालयको २०७७।१२।१५ देखि लागु भएको सूचनाको ब्यवस्था प्रतिकुल हुने गरी भन्सार कार्यालयमा घोषणा नगरी साउण्ड स्पिकरमा फल्स बटम बनाएर सुन लुकाई छिपाई ल्याएको तथा भन्सार ऐन,२०६४ को दफा २(च) तथा दफा ५७१) बमोजिमको कसूर अपराध गरेको हुदा पछि ठहरे बमोजिम हुने गरी हाललाई बरामदीत सुनको बारदात भएको मिति २०७८।१।२० को मुल्य अनुसार प्रति ग्राम मूल्य रु ७७५०।५० को दरले भन्सार विभाग प्रयोगशाला शाखाको परिक्षण प्रतिवेदनको आधारमा जम्मा हुने २०९.७० (दुईसय नौ दशमलव सत्तरी) ग्राम सुनको हुने जम्मा मूल्य रु १६,२५,२७९।८५( अक्षरुपी स्रोहलाख पच्चीसहजार दुईसय उनासी रुपैया पचासी पैसा) विगो कायम गरी निजलाई हुन सक्ने कैद एव अपराध पिडित संरक्षण ऐन २०७५ को दफा ४१ बमोजिम हुने जरिवाना समेत गरी जम्मा रु १६,३४,४७९।८५( अक्षरुपी स्रोहलाख चौतीसहजार चारसय उनासी रुपैया पचासी पैसा) निज प्रतिबादीसंग भन्सार ऐन २०६४ को दफा ६०ख बमोजिम नगद धरौटी माग गर्ने गरी मिति २०७८।१।२३ मा अनुसन्धान अधिकृतबाट भएको आदेश ।

६. मिति २०७८।०१।२३ गतेको आदेशबाट माग भएको धरौटी रकम निजले दाखिला गर्न नसकेको हुँदा प्रतिवादी सुमित तमाङ्ग हाल कारागार कार्यालय जगन्नाथ देवल काठमाडौ थुनामा रहेको।

७. प्रतिबादीको साथबाट बरामद भएको सुन बैध हो भन्ने प्रमाण लाग्ने निस्सा भन्सार ऐन २०६४ को दफा ३८ बमोजिम अनुसन्धान अधिकृतले माग गर्दा निजले पेश गर्न नसकेको समेतका आधारमा निज प्रतिबादीको उक्त कार्य भन्सार ऐन २०६४ को दफा २(च) तथा ५७(१) बमोजिमको कसुर पुष्टी हुन आएकोले निज प्रतिबादीलाई बरामदीत सुन २०९.७० ग्रामको बरामद भएको मितिको नेपाल सुनचाँदी डिलर एसोसियसनको वेबसाइटमा उल्लेख भएको प्रति ग्राम मूल्य रु ७७५०।५० को दरले हुने जम्मा रु १६,२५,२७९।८५( अक्षरुपी स्रोहलाख पच्चीसहजार दुईसय उनासी रुपैया पचासी पैसा) लाई बिगो कायम गरी भन्सार ऐन २०६४ को दफा ५७(१ग) बमोजिम उक्त सुन जफत गरी बिगो बमोजिम जरिवाना र ऐ ऐनको दफा ५७ को उपदफा (१ग) को (१) को खण्ड (क) बमोजिम सजाय हुन मागदावी सहित अनुसन्धान अधिकृतबाट पेश भएको अभियोग पत्र ।

८. प्रतिबादीको साथबाट बरामद भएको उल्लेखित परिमाणको सुन बैध हो भन्ने प्रमाण लाग्ने निस्सा भन्सार ऐन २०६४ को दफा ३८ बमोजिम अनुसन्धान अधिकृतले माग गर्दा निज प्रतिबादीले पेश गर्न नसकेको समेतका आधारमा निज प्रतिबादीको उक्त कार्य भन्सार ऐन २०६४ को दफा २(च) तथा ५७(१) बमोजिमको कसुर पुष्टी हुन निजको साथबाट बरामद भएको सुन निजले भन्सार चोरी पैठारी गरी ठहरेको हुदा बरामदीत जम्मा २०९.७० ग्राम सुनको रु १६,२५,२७९।८५( अक्षरुपी स्रोहलाख पच्चीसहजार दुईसय उनासी रुपैया पचासी पैसा) लाई बिगो कायम गरी भन्सार ऐन २०६४ को दफा ५७(१ग) बमोजिम उक्त सुन जफत गरी बिगो बमोजिम रु १६,२५,२७९।८५ जरीवाना र अपराध पिडित संरक्षण ऐन २०७५ को दफा ४१ बमोजिम हुने जरिवाना रु २००.०० समेत रु १६,२५,४७९।८५( अक्षरुपी स्रोहलाख पच्चीसहजार चारसय उनासी रुपैया पचासी पैसा) जरिवाना हुन्छ र ऐ ऐनको दफा ५७ को उपदफा (१ग) को (१) को खण्ड(क) बमोजिम सजाय एक महिना कैद हुने ठहर्याई शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयको मिति २०७८।०२।१८ मा भएको निर्णय ।

९. म अवैध सुन कारोवारी नै नभएको साथै मलाई थाहा जानकारी नै नदिई अरु कसैले झुक्याएर मेरो लगेज भित्र राखी दिएको भनि मैले अनुसन्धान अधिकारी एव निर्णयाधिकारी समक्ष गरेको बयानको मुल्याकन नै नगरी सुनचोरी पैठारी गरेको ठहर्याई जरीवाना र कैद सजाय हुने गरी त्रिभुवन विमानस्थल भन्सार कार्यालयले गरेको फैसला भन्सार ऐन, २०६४ को दफा १८ को भावना एँव प्रमाण ऐन, २०३१ को दफा ३, २५ र ५४ समेतको विपरीत देखिएकोले बदर गरी न्याय दिलाई पाउँ भन्ने समेत

व्यहोराको जिकिर लिई प्रतिवादीको तर्फबाट मिति २०७८/०५/११ मा दर्ता भएको पुनरावेदन पत्र ।

१०. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) बमोजिम सुनवाईको लागि विशेष सरकारी वकिलको कार्यालय काठमाणडौलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७८/१२/११ मा भएको आदेश ।

**<u>ठहर खण्ड</u>**

११. नियम बमोजिम साप्ताहीक तथा दैनिक पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताद्धय श्री पुष्पराज पाण्डे एव श्री नन्दप्रसाद अधिकारीले प्रतिवादी अवैध सुन कारोवारी नै नभएको र निजलाई जानकारी नै नदिई अरु कसैले निजको लगेज भित्र राखी दिएको सुनलाई सुनचोरी पैठारी गरेको भनि शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट गरिएको जरीवाना र कैद सजाय मिलेको नदेखिदा बदर गरी प्रतिवादीले सफाई पाउने गरी फैसला गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री विमला गौतमले प्रतिवादीको साथबाट सुन बरामद भएको तथ्य बरामदी मुचुल्कामा प्रतिवादीले सहीछाप गरेको एवँ अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा आफ्नो साथबाट सुन बरामद भएको तथ्यलाई स्वीकार गरेको अबस्थामा शुरु भन्सार कार्यालयले प्रतिवादीलाई जरीवाना र कैद सजाय हुने गरी गरेको फैसला कानुनसम्मत नै रहेको देखिदा सदर गरी पाउँ भनी गर्नुभएको बहस एवं जिकिर समेत सुनियो।

१२. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फका विद्वान कानुन व्यवसायीहरुबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, शुरु भन्सार कार्यालयबाट भएको फैसला मिलेको छ, छैन? पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर बमोजिम हुने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१३. निर्णय तर्फ विचार गर्दा, प्रतिबादी सुमित तामाङ्गले मिति २०७८।१।२० गते दुवईबाट नेपाल आउदा ल्याएको सुटकेशबाट त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा २५० ग्राम सुन बरामद भएको मिति २०७८।१।२० को मिसिल सलग्न बरामदी/

खानतलासी मुचुल्काबाट देखिन्छ।उक्त मुचुल्कामा यी प्रतिवादी समेत रोहवरमा बसी दस्तखत गरेको देखियो। बरामदित सुन आफ्नो साथ र आफ्नै हो भनी स्वीकार गरेको ब्याग भित्र रहेको साउण्ड स्पिकरमा लुकाई छिपाई राखेको अबस्थामा बरामद भएको तथ्यलाई अनुसन्धान अधिकृत समक्ष गरेको बयानमा स्वीकार गरेको देखिन्छ। विदेशबाट नेपालमा सुन आयात सम्बन्धमा बाणिज्य तथा आपुर्ति मन्त्रालयको मिति २०६७।८।१५ को सूचनाले राष्ट्र बैंकले तोकेको प्रक्रिया र परिमाण अनुरुप बाणिज्य बैंकहरुले मात्र आयात गर्न पाउने भन्ने ब्यवस्था गरेको छ। मिति २०७७।२।१५ देखि लागु भएको यात्रुले साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगको मालबस्तु सम्बन्धी आदेशको दफा १ को उपदफा ८(ज) मा बिदेशबाट आउने यात्रुले १०० ग्रामसम्म सुन तोकिएको महशुल तिरेर ल्याउन पाउने ब्यवस्था गरेको भएतापनि प्रतिवादीबाट बरामद भएको सुन भन्सारमा घोषणा गरेको देखिदैन। माथि उल्लेखित आदेशको दफा ७ मा कुनै पनि यात्रुले भन्सारमा घोषणा नगरी कुनै मालसामान लुकाई छिपाई ल्याउन वा लैजान प्रयत्न गरेमा वा यस सूचनाको प्रतिकुल हुने गरी कुनै सामान ल्याउन वा लैजान खोजेमा त्यस्तो सामान जफत गरी प्रचलित कानुन बमोजिम कारबाही गरिने छ भन्ने ब्यवस्था रहेको देखिन्छ। प्रतिबादी सुमित तामाङ्गले आफ्नो भनि स्वीकार गरेको सुटकेशबाट बरामद भएको सुन बैध हो भन्ने कुनै कागजात पेश गरेको नदेखिँदा निजले उक्त आदेशको प्रतिकुल हुने गरी गैर कानुनी तरिकाले सुन पैठारी गरेको हो भन्नेमा विवाद देखिएन। भन्सार ऐन, २०६४ को दफा २(च) मा "भन्सार महशुल लाग्ने मालबस्तु भन्सार महशुल नतिरी लुकाई छिपाई वा बाटो छली वा भन्सार महशुल नलाग्ने मालबस्तु भए पनि यस ऐन बमोजिम घोषणा नगरी नेपाल भित्र ल्याउने कार्यलाई भन्सार चोरी पैठारी सम्झनु पर्छ" भनी परिभाषित गरेको देखिन्छ साथै सोही ऐनको दफा १८(१) मा "मालबस्तु पैठारी गर्ने ब्यक्तिले तोकिए बमोजिमको कागजात संलग्न गरी प्रज्ञापन पत्र भरी सम्बन्धित क्षेत्रको भन्सार अधिकृत समक्ष पेश गर्नु पर्ने" भन्ने ब्यवस्था रहेकोमा प्रतिबादी सुमित तामाङ्गले ल्याएको बरामदीत सुन त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा घोषणा गरेको पाइदैन। भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा १ मा कसैले कुनै मालबस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटोबाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ भन्ने कानुनी व्यबस्था रहेको पाइन्छ। प्रतिबादीको साथबाट बरामद भएको र निजले आफ्नै

हो भनी स्वीकार गरेको ब्याग भित्र रहेको साउण्ड स्पिकरमा लुकाई छिपाई राखेको अबस्थामा बरामद भएको सुन बैध हो भन्ने प्रमाण लाग्ने निस्सा अनुसन्धान अधिकृतले माग गर्दा पेश गर्न सकेको समेत देखिदैन। यसरी आफ्नो साथबाट बरामद भएको सुटकेशमा लुकाइ राखेको २५० ग्राम सुन प्रतिवादीले भन्सारमा घोषणा गरेको वा सो सुन वैध रुपमा पैठारी गरेको पुष्टी हुने कुनै प्रमाण पेश गर्न सकेको नदेखिँदा प्रतिवादीबाट आरोपित कसुर भएको प्रमाणबाट पुष्टी भइरहेको हुँदा आरोपित कसुरबाट सफाइ पाउनु पर्ने भन्ने निजको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

१४. अतः माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट प्रतिवादी सुमित तामाङ्गले भन्सार ऐन २०६४ को दफा २(च) तथा ५७ (१) बमोजिमको भन्सार सुन चोरी पैठारीको कसुर गरेको ठहर्याई बरामद भएको सुन २०९.७० ग्रामको विगो रु १६,२५,२७९।८५ ( अक्षरुपी स्रोहलाख पच्चीसहजार दुईसय उनासी रुपैया पचासी पैसा) बिगो कायम गरी सोही ऐनको दफा ५७(१ग) बमोजिम सुन जफत गरी प्रतिवादीलाई बिगो बमोजिम रु १६,२५,२७९।८५ (स्रोहलाख पच्चीसहजार दुईसय उनासी रुपैया पचासी पैसा) जरीवाना र एक महिना कैद सजाय हुने तथा अपराध पिडित संरक्षण ऐन २०७५ को दफा ४१ बमोजिम प्रतिवादीले रु २००।०० क्षतिपुर्ति शुल्क समेत व्यहोर्नुपर्ने ठहर्याई त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकबाट मिति २०७८।०२।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल खण्ड

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु........................................................................१

फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनु...............२

प्रतिवादीबाट असुल हुने क्षतिपुर्ति शुल्क रु.२००।— पीडित राहत कोषमा जम्मा गर्न पठाउनु भनी त्रिभुवन भन्सार विमानस्थल कार्यालय काठमाण्डौलाई लेखि पठाइदिनु......३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाईदिनू................................................................४

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

(पुष्प प्रसाद गुरागाईं)

(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

इजलास अधिकृतः श्री भिष्म भट्टराई
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी
इतिसम्बत २०७९ साल बैशाख ८ गते रोज ५ शुभम.............................

प्रमाणिकरण मितिः-